नि.प्र.का. सप्तरी द.नं. ३३/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक १२६ २०७९ साल मंसिर २९ गते बिहीबार (15 Dec. 2022 Thursday) मूल्य रु. ५/-

## डेंगीबाट बचौं

- उच्च ज्वरो आउनु
- जोर्नी र मांशपेशीहरुमा असह्य पीडा हुनु
- आँखाको गेडी दुख्नु
- अत्याधिक टाउको दुख्नु
- शरीरमा राता बिमिराहरु आउनु
- वाकवाकी लाग्नु वा वान्ता हुनु

यस्ता लक्षणहरु देखापरेमा डेंगी हुन सक्छ। तत्काल चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिऔं।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : 'अर्थतन्त्रमा देखिएका समस्या समाधान.. ३ पृष्ठमा : उपचार नपाई ज्यान ... ३ पृष्ठमा न्युजिल्याण्डमा चुरोट खरिदमा..

# अध्यादेश संविधान विपरीत रहेकोले थारुलाई झुक्याउने काम : प्रदेशसभा सदस्य लेखी



**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

नवनिर्वाचित प्रदेशसभा सदस्य एवं नेकपा एमालेका केन्द्रिय सदस्य राजकुमार लेखीले रेशम चौधरी लगायतका आन्दोलनकारीलाई रिहा गर्ने नाउँमा सरकारले ल्याएको अध्यादेश संविधान विपरीत भएको बताएका छन् ।

बुधबार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरि पार्टीका सप्तरी जिल्ला सहइन्चार्ज समेत रहेका नेता लेखीले काम चलाउ सरकारले कुनै पनि अध्यादेश ल्याउन नमिल्ने दाबी गरे । उनले सरकारले अध्यादेशको बहानामा थारुलाई झुक्याउने काम समेत गरेको आरोप लगाए ।

नेता लेखीले अध्यादेशको बहानामा सरकारले प्रहरी निकायमा समेत चहलखेल गर्न लागेको बताउँदै आफ्नो अनुकुल प्रहरी संगठनलाई प्रभावमा लिने गरि उमेर हदबन्दी तथा अन्यगतिबिधी बढाउन लागेको दोषारोपन समेत गरे ।

उनले भने "यसरी संविधान बिरोधी काम भइरहदा त्यसको बिरोध हुनुपर्छ, चुप लागेर बस्न मिल्दैन ।" वर्तमान सत्ता गठबन्धनमा नेकपा माओवादी केन्द्र समेत रहेको र माओवादी अध्यक्ष प्रचण्डले उत्ति बेलानै सुनसरीको झुम्का र काठमाडौंको टुडिखेलमा आयोजित कार्यक्रममा रेशम लगायतका अन्य निर्दोष आन्दोलनकारी ६ महिनाभित्रै रिहा हुने भने पनि त्यति बेला रिहा नगरि अहिले रिहाईको नाममा अध्यादेश ल्याउनुको के औचित्य हो ? लेखीको प्रश्न थियो ।

लाल आयोगको प्रतिवेदन चार वर्षदेखी लुकाएर राख्ने सरकारको नियतले पनि रेशम चौधरी निर्दोष थिए भन्ने प्रमाणित भएको लेखीको जिकिर थियो । उनले थरुहट आन्दोलन लगायत अधिकार प्राप्तिका आन्दोलनमा झुठा मुद्दा लगाएर फसाइएकाहरुको अविलम्ब रिहाईको माग गर्दै जनतालाई ढाट्ने काम बन्द हुनु पर्नेमा जोड दिए ।

कार्यकाल सकिन्न तीन चार दिन मात्र बाँकी रहेको समयमा सरकारले अध्यादेशको नाऊमा अफताब आलम लगायतका केही अपराधीहरुको माधयमबाट आफ्नो स्वार्थपूर्ती गर्न चाहेको उनको दाबी थियो । उनले अधयादेश मार्फत अपराधीलाई चोख्याउने काम कदापी गर्न नहुने समेत बताए ।

पत्रकार सम्मेलनमा नेकपा एमालेका सप्तरी सचिव देवनाथ यादव समेतको उपस्थिति रहेको थियो ।

# पाँच वटा विभिन्न ज्यान मार्ने मुद्दामा फरार प्रतिवादी पक्राउ

**दैनिक समाचारदाता**
**राजविराज, २८ मंसिर ।**

पाँच वटा विभिन्न ज्यान मार्ने मुद्दामा फरार रहेका एक प्रतिवादीलाई सप्तरी प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेमा जिल्लाको छिन्नमस्ता गाउँपालिका वडा नं. ७ निवासी २३ वर्षिय रन्जित कुमार यादव रहेका छन् ।


विभिन्न मितिमा पाँच वटा मुद्दामा अदालतबाट सजाय पाएर फरार रहेका उनलाई प्रहरीले मंसर २६ गते पक्राउ गरेको जनाएको छ ।

प्रहरीका अनुसार २०७९ साल बैशाख १९ गते स्थानिय ५० वर्षिय मधुराम यादवलाई लाठी फट्टा लगायत घरेलु हातहतियारले कुटपिट गरि अंगभंग मुद्दा, २०७६ साल साउन २५ गते स्थानिय नन्दकिशोर यादवलाई घरेलु हातहतियार समेतले प्रहार गरी सक्त घाईते बनाई ज्यान मार्ने उधोगमा मुद्दा समेत दायर भई फरार रहेका थिए ।

यस्तै २०७६ साल माघ २२ गते पुनः निज प्रतिवादी रन्जित कुमार यादव समेतले स्थानिय नन्दकिशोर यादव र मो.ईस्राफिललाई घरेलु हातहतियार समेतले प्रहार गरी सक्त घाईते बनाई ज्यान मार्ने उधोगमा फरार रहेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरि २०७७ साल जेठ २९ गते प्रतिवादी यादव समेतले मिली राजबिराज नगरपालिका ७ बस्ने ताहिर मंसुरी समेतलाई घरेलु हातहतियारले प्रहार गरी सक्त घाईते बनाई ज्यान मार्न उधोगमा मुद्दा दर्ता भएको र २०७८ जेठ २१ गते यादव समेतले राजबिराज वडा नं. ७ बस्ने ईद्रीस मंसुरी समेत ९ जनलाई घरेलु हातहतियार समेतले प्रहार गरी सक्त घाईते बनाई ज्यान मार्ने उधोग गरेको मुद्दामा उनी फरार रहेका थिए ।

## हार्दिक श्रद्धाञ्जली



**स्व. शिवहरी प्रसाद भट्टराई**

हाम्रा प्रातः स्मरणीय राजविराज ७ निवासी सप्तरीका बरिष्ठ पत्रकार एवं मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष श्रद्धेय **शिवहरी प्रसाद भट्टराई**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारमा इश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अरुणकुमार प्रधान**
**अध्यक्ष**
**नेपाल आदिवासी जनजाती महासंघ, जिल्ला समन्वय परिषद्**
**सप्तरी, राजविराज**


## आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार

## तपाईकै सहर राजविराजमा


आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं ।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**
**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

## सम्पादकीय

# गरिब असाहयप्रति सकारात्मक सोच राखौं

कुनै पनि व्यक्तिलाई उसको सक्षमता र व्यवहारले सम्मान गर्नु पर्छ । मानिक भएर जन्म लिएपछि उसले धर्तीमा आफ्नो कर्तव्य निष्ठापूवर्क गर्नुपर्ने हुन्छ । जति महिनेत गऱ्यो उति मानिस सबल हुँदै जान्छ । आर्थिक अवस्था भने उसको काम र महिनेतले नै निर्धारण गर्दछ । गरिब हुनु कुनै मानिसको दोष होइन् । जुनसुकै पनि मानिसले सकेसम्म धन आर्जन गर्न महिनेत गर्नेगर्छन ।

मानविय नाताले कुनै गरिबलाई सहयोग गर्नु मानवताको धर्म पनि हो । तर, कसैलाई हेला गर्नु मानवता विपरित हो । अहिलेको परिवेशमा धनी व्यक्तिले गरिब व्यक्तिलाई हेला गर्ने प्रबृती बढ्दै गएको छ । हुन त धनी र गरिब छुट्याउने आधार धनलाई मान्ने गरिन्छ । तर यो मानवले नै निर्धारण गरेको एउटा आधार मात्र हो ।

गरिब, असहाय तथा अतिविपन्न जनताहरुप्रति सहयोग गर्ने भावना अहिले पनि थोरै मात्रामा रहेको छ । तसर्थ कसैलाई सहयोग गर्नु मानवताको धर्म भएकोले व्यवहार र सक्षमताका आधारमा उनीहरुप्रति सम्मन गर्नु आवश्यक छ ।

# ‘अर्थतन्त्रमा देखिएका समस्या समाधान गर्न सरकार र निजी क्षेत्र एकसाथ अघि बढ्नुपर्छ’

काठमाडौँ, २८ मङ्सिर (रासस) । अर्थमन्त्री जनार्दन शर्माले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि सरकार प्रतिवद्ध रहेको बताउनुभएको छ । नेपाल आर्थिक पत्रकार सङ्घ (नाफिज) को १३औँ वार्षिक साधारणसभालाई आज यहाँ सम्बोधन गर्दै उहाँले निजी क्षेत्रप्रति सरकारले फरक दृष्ट्रिकोण राखेको छैन, अर्थतन्त्रको महत्वपूर्ण हिस्सा मानेको छ भन्नुभयो ।

“सरकारले निजी क्षेत्रलाई अर्कै नजरले हेर्छ भन्ने बुझाइ छ, तर सरकारले आफ्नै अभिन्न अङ्गका रूपमा लिएको छ, निजी क्षेत्रले दिएका सुझाव नै सरकारको नीतिमा पर्ने गरेका छन्”, अर्थमन्त्री शर्माले भन्नुभयो । अहिले अर्थतन्त्रमा देखिएका समस्या आन्तरिक कारणले मात्र नभइ विश्वव्यापी रूपमा सिर्जित बाह्य परिदृश्यका कारणसमेत रहेको जनाउँदै उहाँले समस्या समाधानका लागि सरकार र निजी क्षेत्र एकसाथ अघि बढ्नुपर्ने बताउनुभयो ।

प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन भर्खरै मात्र सम्पन्न भएको र निर्वाचित प्रतिनिधिले अब विकासको आवश्यकतालाई पहिलो प्राथमिकतामा राखेर काम गर्नुपर्ने पनि अर्थमन्त्री शर्माको भनाइ छ । “नागरिकमा विकासको चाहना छ र यो संवैधानिक आवश्यकता पनि हो । अहिलेको अवस्थामा उत्पादन वृद्धि र आयात प्रतिस्थापन गर्ने कुराको महत्व छ । यसका लागि राज्यका सबै निकाय त्यसलाई कटिबद्ध भएर लाग्न म आग्रह गर्दछु” उहाँले भन्नुभयो ।

नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले अहिले तरलता अभावलगायत कारणबाट निजी क्षेत्र समस्यामा परेको भए पनि यो समस्या सधैँ नरहने बताउनुभयो । “बजारमा आइरहेका समस्याबाट निजी क्षेत्र प्रताडित भएको छ । यसलाई हामीले सहनै पर्छ । तर अब विस्तारै तरलता अभावलगायतका समस्या कम हुँदै जान्छन् ।” उहाँले भन्नुभयो । पछिल्लो समय बजारमा तरलता केही सहज भएको भए पनि आगामी पुस महिना अझै केही चुनौती रहेको उहाँले बताउनुभयो । पुसमा सरकारले राष्ट्र ऋण उठाउने र पुनःकर्जालगायतको असर देखिने गभर्नर अधिकारीको भनाइ छ ।

अहिले अर्थतन्त्रमा देखिएका समस्या समाधानका लागि राज्यले हस्तक्षेप गर्नुपर्ने भन्ने निजी क्षेत्रको चाहनाबारे गम्भीर भएर सोच्नुपर्ने पनि उहाँले बताउनुभयो । “राज्यको प्रत्यक्ष हस्तक्षेप होस् भन्ने निजी क्षेत्रको चाहना छ । तर, त्यो कति काउन्टर प्रोडक्टिभ होला त्यसबारे सोच्न जरुरी छ । एउटा क्षेत्र सुधार्न खोज्यो अर्को क्षेत्रमा सन्तुलन बिग्रन्छ । त्यसकारण सबैकुरा एकैपटक सुधार गर्न सकिन्न ।” गभर्नर अधिकारीले भन्नुभयो ।

सोही कार्यक्रममा धितोपत्र बोर्डका अध्यक्ष रमेशकुमार हमालले पुँजी बजारलाई थप प्रभावकारी र पारदर्शी बनाउन निमायकले काम गरिरहेको बताउनुभयो । “नियामकले जुनसुकै नीति ल्याउँदा परिणाम हेरेर ल्याउँछ । कुन नीतिले कस्तो प्रभाव पार्छ भन्ने पर्ने गरेको हुन्छ ।”

उहाँले भन्नुभयो, “पुँजी बजारलाई अर्थतन्त्रको मुख्य अङ्ग बनाउन पारदर्शी र व्यावसायिक बनाउन बोर्डले भूमिका खेलिरहेको छ ।”नेपाल उद्योग वाणिज्य महासङ्घका वरिष्ठ उपाध्यक्ष चन्द्र ढकालले अहिले राजनीतिमा नभइ आर्थिक मुद्दा प्राथमिकतामा पर्नुपर्ने बताउनुभयो । आर्थिक समृद्धिका कुरा ओझेलमा पर्दा र सरकारकै अन्तर निकायबीच समन्वय हुन नसक्दा विकास निर्माणका काम झिनामसिना समस्याले अल्झिने गरेको उहाँको भनाइ छ ।

“अहिलेका समस्या समस्या निजी क्षेतत्रको मात्र समस्या होइन । तरलता अभाव समस्याले लगानी बढाउन नसकेको, मुद्रास्फीतिले आम उपभोक्ताको खपतमा समस्या रहेको छ । यसले सरकारी राजस्वमा पनि असर पारिरहेको छ ।” उहाँले भन्नुभयो । नेपाल चेम्बर अफ कमर्सका वरिष्ठ उपाध्यक्ष कमलेशकुमार अग्रवालले अहिले तरलता अभाव समस्या कायमै रहेकाले सरकारले आन्तरिक ऋण उठाउन नहुने धारणा राख्नुभयो ।

“सरकारले अहिले आन्तरिक ऋण उठाएमा तरलतामा थप समस्या देखिन्छ । त्यसकारण केही समय आन्तरिक ऋण नउठाउन हाम्रो आग्रह छ ।” उहाँले भन्नुभयो । यद्यपि, यी समस्या नेपालको मात्र नभइ विश्वव्यापी रूपमा नै देखिएको उहाँको भनाइ छ ।

# युएईको जेलमा रहेका अमर बमको रिहाइको पहल गरिदिन आग्रह

काठमाडौँ, २८ मङ्सिर (रासस) । ‘अमर बम फर्काउ अभियान’ले २० वर्षदेखि युनाइटेड अरब इमिरेट्स (युएई)को जेलमा रहेका दार्चुलाका अमरबहादुर बमको रिहाइका लागि पहल गरिदिन सरकारसँग आग्रह गरेको छ ।

मंगलबार यहाँ पत्रकार सम्मेलन गर्दै अभियानले रोजगारीको सिलसिलामा युएई

*बाँकी तीन पृष्ठमा*


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
**कन्सलटेन्ट बाल रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
**हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ**
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
**बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ**
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?**
नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋृण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **“बचत गरौं समृद्ध वनौं”**
**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

**शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं**
- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**तिरहुत गाउँपालिका, सप्तरी**

# उपचार नपाई ज्यान गुमाउन नपरोस्

काठमाडौँ, २७ मङ्सिर (रासस) ।

काठमाडौँ पुरानो बानेश्वरस्थित 'फ्रन्टलाइन अस्पताल'को सघन उपचार कक्ष (आइसियु) मा गङ्गाबहादुर कार्की उपचाररत हुनुहुन्छ । उहाँको बोल्नका लागि मुख त चल्छ तर हात, गोडा नचलेको एक वर्षभन्दा बढी भयो ।

सङ्खुवासभा खादँबारी-६ का ३५ वर्षे कार्कीले यसैगरी पछिल्लो एक वर्ष कतारको अस्पतालमा बिताउनुभयो । तीनवर्षे कामदार भिसामा कतारको ट्रेडिङ एन्ड कन्ट्र्याक्टिङ ग्रुपमा पुग्नुभएको उहाँले कामदारका रूपमा १३ महिना बिताएपछि सवारी दुर्घटनामा पर्नुभयो । दुर्घटनापछि 'ट्रमाटिक पाराप्लेजिया' भएको उहाँको शरीर 'स्पाइनल इन्जुरी'का कारण त्यसयता रामोसँग चलेको छैन । दुर्घटनापछि कम्पनीले कतारमै एक वर्ष त उपचार गऱ्यो तर अब थप उपचार नसक्ने भन्दै नेपाल पठाएपछि फ्रन्टलाइन अस्पतालको आइसियूमा उहाँ उपचाररत हुनुहुन्छ ।

"विसं २०७८ कात्तिक २६ मा दुर्घटनापछि एक वर्ष त कम्पनीले उपचार खर्च व्यहोऱ्यो, तर अब थप उपचार गर्न नसक्ने भन्दै नेपालस्थित दूतावासलाई जानकारीबिना नेपाल पठाइदियो", उहाँको सहयोगार्थ खटिनुभएका कुमार घिमिरेले भन्नुभयो । निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन)का उपाध्यक्षसमेत रहनुभएका घिमिरेले उपचारका लागि हाल आर्थिक सहयोग जुटाउनेसम्मको काम गरिरहनुभएको छ ।

पहाडी जिल्ला सङ्खुवासभाबाट परिवारको खर्च जुटाउन खाडी मुलुक पुग्नुभएका उहाँका दुःख कतार पुगेको केही समयदेखि नै सुरु भयो । उहाँ २०७६ साल मङ्सिरमा कतार पुग्नुभयो । छ महिनापछि सुत्केरी हुन नसक्दा उहाँको श्रीमतीको निधन भयो । त्यसबेला कोरोना महामारीले नेपालमा लकडाउन थियो । सीमा नाका र अन्तर्राष्ट्रिय हवाई उडान बन्द थिए । फलस्वरुप कार्कीले नेपाल फर्केर श्रीमतीलाई अन्तिम बिदाइ गर्न पाउनुभएन ।

राष्ट्रपति महिला उत्थान कार्यक्रमको सहयोगमा काठमाडौँ थापाथलीस्थित परोपकार प्रसूति तथा स्त्री रोग अस्पतालमा ल्याइए पनि श्रीमतीको उपचारका क्रममा मृत्यु भएको कार्कीको भनाइ छ । श्रीमती गुमाउनुको पीडामाथि आफू चल्नै नसक्ने गरी बिरामी हुँदा दुईजना अबोध बालकको भविष्य अन्योलले उहाँलाई झन् पिरोलेको छ । "जेठो छोरो १० वर्षको भयो तर सुस्तःमनस्थितिको छ, सात वर्षको कान्छो अझै बुझ्ने भएको छैन", आइसियु कक्षको शय्याबाटै उहाँले भन्नुभयो, "म आफैँ उपचारको अभावमा अबोध बालकलाई छाडेर जानुपर्ने हो कि भन्ने चिन्ताले बढी सताउन थालेको छ ।"

पहाडी जिल्ला सङ्खुवासभाको सामान्य परिवार त्यसमाथि कमजोर आर्थिक अवस्थाका कारण कार्कीले आफ्नै उपचार गराउनसक्ने हैसियत छैन । उहाँको उपचारमा खटिनुभएका डाक्टर चक्रराज पाण्डे कार्की निको हुन कम्तीमा एक वर्ष अझै उपचार गराउनुपर्ने बताउनुहुन्छ । त्यतिञ्जेलसम्मका लागि ठूलो आर्थिक सहयोग आवश्यक पर्छ । तर कार्कीको बैंकमा आफ्नै शरीर निको पार्ने गरी कमाएको पैसा छैन ।

"अहिले जसोतसो सहयोगस्वरुप प्राप्त भएको रकमले उहाँको उपचार भइरहेको छ", कार्कीको उपचारमा खटिरहनुभएका घिमिरेले भन्नुभयो, "उपचार गर्न धेरै समय लाग्ने भएपछि पैसा पनि धेरै चाहिन्छ, अब आर्थिक सहयोगका लागि अपिल गर्नुको विकल्प छैन ।"

कार्कीको उपचारका लागि बीमा बापतको रकम अझै प्राप्त भएको छैन भने वैदेशिक रोजगार प्रवर्द्धन बोर्डको सचिवालयमा क्षतिपूर्तिका लागि माग गरिएको छ । तर हालसम्म कतारको सम्बन्धित कम्पनी, बीमा रकम तथा सरकारले दिने क्षतिपूर्तिको कुनै सहयोग प्राप्त नभएको कार्कीको भनाइ छ । एक वर्षभन्दा बढी समय अस्पतालको शय्यामा बिताउनुभएका कार्कीसँग सरकारले निको हुने गरी सहयोग गरिदिन्छ कि भन्ने आशा भने अझै पनि मनमा छ ।

## *युएईको जेलमा ...*

पुग्नुभएका बम बिना कसुर जेलमा बस्नुपरेको जानकारी दिएको हो । विवाह गरेको एक महिनामै श्रीमती, बुबाआमालाई छाडेर धन कमाउने सपना बोकेर बम युएईको एक कम्पनीमा सवारी चालकका रूपमा पुग्नुभएको थियो । सोही क्रममा उहाँ जेल पर्नुभएको हो । उहाँ निर्दोष रहेको भन्दै विभिन्न प्रयास भए पनि सबै असफल भएको अभियानको गुनासो छ । अभियानले सरकारले पहल नगरेकाले बमलाई स्वदेश फर्काउन ढिलाइ भइरहेको टिप्पणी गरेको छ ।

कामको सिलसिलामा भारत पुग्नुभएका दार्चुलाका बमलाई भारतीय दुई नागरिकले जालझेलमा पारी युएई पुऱ्याएको अभियानले जनाएको छ । जेलमा रहेका अमरलाई स्वदेश फर्काउन पहल थालेको मेडिकल व्यवसायी दुर्गा प्रसाईंले बताउनुभयो । प्रसाईंले आफूले बमको रिहाइका लागि युएईका राजकुमारलाई पत्र लेखिसकेको पनि जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "मैले केही महिनाअघि नै युएईका राजकुमारलाई पत्र पठाइसकेको छु ।"

कार्यक्रममा वैज्ञानिक कपिल पौडेल, समाजसेवी जेरी ताम्राकारलगायतले अमरलाई तुरुन्त नेपाल फर्काउनुपर्नेमा जोड दिनुभएको थियो ।


**तिलाठी कोईलाडी गाउँपालिका**

तिलाठी कोईलाडी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**तिलाठी, सप्तरी,**

**मधेश प्रदेश, नेपाल**

Email ID: tilathikoiladigp@gmail.com

प.सं. :- ०७९/०८०

च.नं. :-

मिति : २०७९।०८।२८

**बिषय : स्वयम्सेवक शिक्षक पदपूर्ति सम्बन्धी संशोधित सूचना ।**

प्रथम पटक प्रकाशित मिति : २०७९।०८।२५

उपरोक्त सम्बन्धमा यस गाउँपालिका अन्तर्गत विभिन्न सामुदायिक माध्यमिक, निम्नमाध्यमिक तथा प्राथमिक विद्यालयहरुमा स्वयम्सेवक शिक्षक करार सेवामा पदपूर्ति गर्नका लागि तपसील अनुसारको सूचना प्रकाशन गरिएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट दरखास्त आह्वान गरिन्छ ।

**तपसील**

| तह | माध्यमिक | | | निमावि | | | | | | प्रावि |
|---|---|---|---|---|---|---|---|---|---|---|
| विज्ञापन नं. | ०२/०७९/०८० | ०३/०७९/०८० | ४/०७९/०८० | ५/०७९/०८० | ६/०७९/०८० | ७/०७९/०८० | ८/०७९/०८० | ९/०७९/०८० | १०/०७९/०८० | ११/०७९/०८० |
| बिषय | नेपाली | सामाजिक | विज्ञान | कम्प्युटर | सामाजिक | अंग्रेजी | गणित | विज्ञान | नेपाली | २५ |
| संख्या | २ | २ | २ | ३ | १ | २ | ३ | २ | २ | |

**तह** : माध्यमिक, निम्नमाध्यमिक र प्राथमिक

**पद** : स्वयम्सेवक शिक्षक

**नियुक्तिको किसीम** : करार

**मासिक सुविधा** : कार्यपालिकाको निर्णय बमोजिम

**शैक्षिक योग्यता**

**माध्यमिकको हकमा** : मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह उत्तीर्ण वा स्नातक/स्नातकोत्तर तहमा अध्ययनरत ।

**निम्न माध्यमिकको हकमा** :मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको तथा **प्राथमिकको हकमा** एसएलसी/एसईई परीक्षा उत्तीर्ण गरेको ।

**उमेर** : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको तर स्वयम्सेवकको रुपमा काम गरेका शिक्षकको हकमा उमेर लागू हुने छैन ।

**दरखास्त दस्तुर** : मा.वि.रु. १०००।-, निमावि रु. ७००।-, प्रावि रु. ५००।-

**परीक्षाको किसीम** : लिखित तथा अन्तर्वार्ता (परीक्षा मिति पछि तोकिनेछ)

**पाठ्यक्रम** : शिक्षक सेवा आयोगले तोके बमोजिम

**दरखास्त दिने अन्तिम मिति** : २०७९/०९/१० गतेसम्म । दरखास्त दिने अन्तिम मितिमा विदा पर्न गएमा भोलिपल्ट आवेदन दिन सकिनेछ ।

**आवेदन बुझाउने स्थान** : तिलाठी कोइलाडी गाउँपालिका ।

**आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरु** : आवेदन फाराम साथ नागरिकताको प्रतिलिपी, शैक्षिक योग्यताको प्रतिलिपीहरु, स्वयम्सेवक भई कार्य गरेको भए सो को प्रमाण । कम्प्युटर शिक्षकको हकमा कम्तिमा ६ महिनाको कोर्ष अध्ययनको प्रमाण पत्र पेश गर्नु पर्नेछ । अध्यापन अनुमति पत्र भएकालाई प्राथमिकता दिइनेछ ।

**स्वयम्सेवक शिक्षक छनौट समिति**

**तिलाठी कोइलाडी गाउँपालिका**


# विश्व समाचार

## न्युजिल्याण्डमा चुरोट खरिदमा आजीवन प्रतिबन्ध

वेलिङ्टन, २८ मङ्सिर (रासस/एपी) ।

न्युजिल्याण्ड सरकारले जनस्वास्थ्य रक्षालाई केन्द्रमा राखेर चुरोट खरिदमा आजीवन प्रतिबन्ध लगाएको छ । विशेष गरी युवावर्गलाई लक्षित गरी सरकारले त्यसमा आजीवन प्रतिबन्ध लगाएको हो ।

सुर्तीजन्य धूमपानलाई चरणबद्धरूपमा नियन्त्रण गर्न सरकारले पारित गरेको कानुनअनुसार अब सन् २००९ जनवरी १ वा त्यसपछि जन्मेका कसैलाई पनि सुर्ती वा चुरोट बेच्न पाइने छैन । यसको अर्थ अब चुरोट किन्न न्यूनतम उमेर बढ्दै जानेछ । सैद्धान्तिकरूपमा, अब ५० वर्षपछि चुरोटको प्याकेट किन्न खोज्ने जोकोहीले आफू कम्तीमा ६३ वर्ष पुगेको परिचयपत्र देखाउनुपर्नेछ ।

स्वास्थ्य अधिकारीले त्यो भन्दा पहिले देशबाट धुमपानको अम्मल हराउने विश्वास गरेका छन् । उनीहरुले सन् २०२५ सम्ममा न्युजिल्याण्डलाई धुमपानमुक्त बनाउने लक्ष्य लिएका छन् । नयाँ कानूनले चुरोट बेच्न अनुमति दिने खुद्रा बिक्रेताको सङ्ख्या पनि छ हजारबाट घटाएर छ सय पुऱ्याएको छ भने सुर्तीमा निकोटिनको मात्रा पनि उल्लेख्यरूपमा घटाएको छ ।

मानिस मार्ने उत्पादन बेच्ने अनुमति दिनुपर्ने कुनै उपयुक्त कारण नभएको तथा त्यसलाई प्रयोग गर्ने आधा मानिस त्यसबाट मर्ने जोखिम उच्च रहेको स्वास्थ्य मन्त्री डा. आयशा भेरलले संसद्मा बताइन् ।

उनले प्रतिबन्ध लगाउने कानुन पारित भएपछि धूमपानको अन्त्य हुनेमा आफू विश्वस्त रहेको बताइन् । "धूमपानबाट हुने क्यान्सर, हृदयाघातलगायत जटिल रोगको उपचार गर्ननपर्ने भएपछि अर्बौं डलर जोगिने छ, अहिलेको युवापुस्ताको स्वास्थ्य स्वस्थ रहनेछ । र, त्यसले भावी पुस्तालाई धूमपानरहित जीवन जिउन प्रेरित गर्नेछ," उनले भनिन् ।

## कङ्गो बाढीपहिरोमा एक सय जनाको मृत्यु

किन्सासा, २८ मङ्सिर (रासस/एपी) ।

भारी वर्षाका कारण यहाँ आएको बाढीपहिरामा परी कम्तीमा एक सय जनाको मृत्यु भएको छ भने कैयौं घाइते भएका छन् । प्रधानमन्त्री जीन मिसेल सामा लुकोन्डेले खोज तथा उद्धारमा अधिकारीहरू अझै क्रियाशील रहेका बताउनुभएको छ ।

प्रधानमन्त्री लुकोन्डेले बाढीपहिरामा परी हराएकाको खोजी भइरहेको, त्यसबाट भएको क्षतिको आकलन पनि भइरहेको सरकारी टेलिभिजनलाई बताउनुभएको छ । झण्डै १२ लाख जनसङ्ख्या रहेको राजधानी किन्सासाका २४ वटा क्षेत्र बाढीपहिराबाट अधिक प्रभावित भएका छन् । घरहरू डुबेका छन् भने सडक भत्किएका छन् ।

गालिमिया क्षेत्रमा ३६ जनाभन्दा बढीको मृत्यु भएको तथा शवको गणना भइरहेको, सहरको अर्को भागमा एकै परिवारका पाँच जनाको मृत्यु भएको तथा केहीको करेन्ट लागेर मृत्यु भएको नगरप्रमुख अलिद शिबान्डाले बताएका छन् ।

गत सोमबारदेखि परेको अविरल वर्षाले महाविपत्ति निम्त्याएको नगरप्रमुख शिवान्डाले बताए । अधिकांश क्षति अनुमतिबिना बनाइएका घरमा भएको छ । सन् २०१९ मा पनि बाढीपहिरामा परी ३२ जनाले ज्यान गुमाएका थिए ।

## दक्षिण कोरियामा ८४ हजारभन्दा बढी सङ्क्रमित

सोल, २८ मङ्सिर (रासस/सिन्ह्वा) ।

दक्षिण कोरियामा एकै दिनमा ८४ हजारभन्दा बढी कोरोना भाइरसका सङ्क्रमित भेटिएका छन् । गएरातिको तथ्याङ्कमा यतिधेरै सङ्क्रमित भेटिएको देखिएको छ ।

यो समेतगरी यहाँ दुई करोड ७९ लाख भन्दा बढी सङ्क्रमित पाइएका यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन् ।

यहाँ केही दिनयतादेखि दैनिक कम्तीमा पनि ८० हजार जना सङ्क्रमित पाइएका पनि अधिकारीले जनाएका छन् । तर यो अघिल्लो दिनको ८६ हजार आठ सय ५२ जना सङ्क्रमितको तुलनामा भने केही कम हो ।

यहाँ अघिल्लो हप्ता भने ७४ हजार भन्दा धेरै सङ्क्रमित पाइने गरेको थियो । त्यसका तुलनामा यहाँका सङ्क्रमितमा कमी आएको हो ।

दक्षिण कोरियामा यो जाडो मौसममा पनि कोरोना भाइरसका सङ्क्रमितहरुमा उल्लेख्य मात्रामा कमी आउन सकेको छैन । यहाँ अघिल्लो हप्ताभरि औसतमा ६३ हजार जना दैनिक सक्रमित देखिने गरेको थियो ।

पछिल्लो दिन यहाँ ४६ जनाको यो सङ्क्रमणबाट ज्यान गएको छ । यो समेतगरी यहाँ ३१ हजार जनाभन्दा बढीको कोभिडबाट ज्यान गएको छ ।

# एलपीजी ग्यासको आयात कम गर्न स्वच्छ ऊर्जा प्रयोगमा जोड

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

ऊर्जा विज्ञहरुले नागरिकको जीवनस्तर सुधार्न स्वच्छ (विद्युतीय) ऊर्जाको प्रयोगलाई बढाउन प्रोत्साहन गर्नुपर्नेमा जोड दिएका छन् । एलपीजी ग्यासको बढ्दो आयातलाई घटाउन र स्वदेशमै उत्पादित विद्युत्को खपत बढाउन विद्युतीय चुलो तथा भान्सामा प्रयोग हुने अन्य विद्युतीय उपकरणको प्रयोगलाई प्रोत्साहन गर्नुपर्ने उहाँहरुको सुझाव छ ।

नेपाल वातावरण पत्रकार समूह (नेवापस), प्रकृति रिसोर्सेस सेन्टर र विश्व वन्यजन्तु कोष ( डब्लुडब्लुएफ) नेपालले मंगलबार यहाँ आयोजना गरेको कार्यक्रमका सहभागीले स्वच्छ खाना पकाउने उर्जा प्रयोग बढाउन आवश्यक रहेको बताए । नेपालले हाल वार्षिक रु दुई खर्बभन्दा बढीको इन्धन आयात गर्दै आएको छ ।

कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रका नायब कार्यकारी निर्देशक नवराज ढकालले विद्युतीय चुलोको प्रयोग सबैका लागि सहज र सर्वसुलभ हुने उल्लेख गर्दै सन् २०३० भित्र खाना पकाउने आधारभूत स्रोतका रुपमा विद्युतीय चुलोमा जोड दिने सरकारको लक्ष्य रहेको बताउनुभयो । सरकारी तथ्याङ्कअनुसार सन् २००९ मा परम्परागत शैलीमा खाना पकाउने नेपाली नागरिकको सङ्ख्या ८७ दशमलव एक प्रतिशत रहेकामा यस वर्षको हालसम्ममा सो दर २२ प्रतिशतले घटेको छ । दाउरा, गुइठालगायत परम्परागत इन्धनमा परनिर्भर हुने नेपाली नागरिक ६५ प्रतिशत हाराहारी छन् । सन् २००९ मा वैकल्पिक ऊर्जाको प्रयोग शून्य दशमलव सात प्रतिशत रहेकामा सो दर बढेर हाल तीन प्रतिशत पुगेको केन्द्रका नायब कार्यकारी निर्देशक ढकालले जानकारी दिनुभयो ।

ग्यासभन्दा विद्युतीय चुलोको प्रयोग निकै सस्तो हुने विज्ञको तर्क छ । कार्यक्रममा जनताका लागि ऊर्जा तथा वातावरण विकास संस्था (पीडा)का प्रमुख कार्यकारी अधिकृत विराज गौतमले परम्परागत ऊर्जालाई विस्थापित गर्न आमसञ्चार माध्यमको भूमिका महत्वपूर्ण हुने बताउनुभयो । विद्युत् आपूर्ति सुनिश्चित भए धेरै उपभोक्ताले आधुनिक भान्सातर्फ चासो राख्ने उहाँको धारणा थियो ।

आधुनिक चुलोको प्रयोगले समयको बचत र मानव स्वास्थ्य सुधार हुने ऊर्जा अभ्यासकर्ता मञ्जरी श्रेष्ठको अनुभव छ । घर, भान्सा र भाडा वर्तन फोहोर न्यून हुने भएकाले विद्युतीय चुलोको प्रयोगलाई प्रोत्साहन गर्न सरोकारवालाबीच समन्वय आवश्यक रहेको श्रेष्ठले बताउनुभयो । खाना पकाउने र भान्साको काम महिलाको मात्रै हो भन्ने बुझाइलाई परिवर्तन गर्नसके विद्युतीय चुलोका प्रयोगकर्ता बढाउन सकिने उहाँको ठहर छ ।

कार्यक्रममा कार्यपत्र प्रस्तुत गर्दै ऊर्जा पत्रकार भीम गौतमले विद्युतीय पूर्वाधार विस्तारमा जोड दिनुभयो । उहाँले ऊर्जा मन्त्रालयले सन् २०२८ भित्र सतप्रतिशत घरधुरीमा विद्युतीय चुलो उपयोग गर्न लक्ष्य लिएकाले त्यसका लागि विद्युतीय पूर्वाधारमा जोड दिनुपर्ने बताउनुभयो । प्रकृति सिसोर्सेस सेन्टरका कार्यक्रम निर्देशक प्रवीनमान सिंहले दिगो विकास लक्ष्य र नेपालले लिएको शून्य कार्बन उत्सर्जन लक्ष्यमा पुग्न विद्युतीय चुलोजस्ता साधनको प्रयोग बढाउन सरकारले प्रोत्साहन कार्यक्रमलाई प्राथमिकता दिनुपर्नेमा जोड दिनुभयो ।

नेवापसका अध्यक्ष रोशनी अधिकारीले स्वच्छ खाना पकाउने ऊर्जा प्रवर्द्धनका लागि बिजुलीको गुणस्तरीयता र पूर्वाधार विस्तारमा ध्यान दिनुपर्ने बताउनुभयो । सरकारले सन् २०४५ भित्र कार्बन उत्सर्जन शून्यमा पुर्‍याउने, सन् २०२५ भित्र पाँच लाख र सन् २०३० सम्ममा २५ प्रतिशत घरधुरीले विद्युतीय खाना पकाउन अपनाउनेलगायत लक्ष्य लिएको छ ।

# कोरोना विरुद्ध करिब ५० लाख मात्रा खोप मौज्दात

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

कोरोना भाइरस विरुद्धको खोप करिब ५० लाख मात्रा मौज्दात रहेको छ । कोरोना भाइरसको सङ्क्रमण घट्दै गएपछि खोपको माग पनि कम भएकाले मौज्दात रहन गएको हो ।

स्वास्थ्य सेवा विभाग आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा सुरेन्द्र चौरसियाका अनुसार हाल ४९ लाख २१ हजार छ सय ३२ मात्रा खोप मौज्दात छ । उहाँले अहिले सङ्क्रमण घटिरहेकोले माग नहुँदा खोपको मौज्दात रहेको जानकारी दिनुभयो । सबैभन्दा बढी भेरोसेल खोप मौज्दात छ । भेरोसेल ४३ लाख ६६ हजार एक सय ६६ मात्रा मौज्दात छ भने फाइजर ६० हजार सात सय ५६, र फाइजर (बालबालिका)लाई लगाउने चार लाख ९४ हजार सात सय १० मात्रा मौज्दात छ । सबैभन्दा बढी केन्द्रीय भण्डारण केन्द्र टेकुमा ४० लाख मात्रा भेरोसेल मौज्दात छ ।

प्रदेश नं १ मा पाँच हजार तीन सय ७३, मधेश प्रदेशमा ४७ हजार आठ सय ९०, बाग्मती प्रदेशमामा पाँच लाख ५४ हजार नौ सय ६९, हेटौँडामा एक लाख ३५ हजार तीन सय ९८ मात्रा खोप मौज्दात छ ।

गण्डकी प्रदेशमा सात हजार छ सय ९६, लुम्बिनी प्रदेशमा एक लाख ११ हजार छ, कर्णाली प्रदेशमा ५० हजार पाँच सय ४६ र सुदूरपश्चिम प्रदेशमा आठ हजार सात सय ५४ मात्रा खोप मौज्दात छ । शाखा प्रमुख डा चौरसियाले माग भएमा प्रदेश र जिल्लामा खोप आपूर्ति गरिने जानकारी दिनुभयो ।

अहिले दैनिक दशभन्दा कम व्यक्तिमा सङ्क्रमण देखिएको छ । नेपालमा अहिलेसम्म छ करोड ३२ लाख ७६ हजार सात सय १० मात्रा खोप आइसकेकामा कूल लक्षित जनसङ्ख्यामध्ये ९९दशमलव पाँच प्रतिशतमा पहिलो मात्रा र ९५दशमलव सात प्रतिशतमा पूर्ण मात्रा खोप लगाइसकेको छ । यस्तै कूल जनसङ्ख्याको ७९दशमलव पाँच प्रतिशतले पहिलो मात्रा र ७६दशमलव पाँच प्रतिशतदले पूर्ण मात्राको खोप लगाइसकेका छन् ।

# मतपरिणाम बदर गर्न माग गर्दै खनालद्वारा सर्वोच्चमा रिट

काठमाडौँ, २८ मङ्सिर (रासस) ।

सर्वोच्च अदालतमा पूर्व प्रधानमन्त्री एवं नेकपा (एकीकृत समाजवादी) का नेता झलनाथ खनालले आफू उम्मेदवार रहेको इलाम-१ को निर्वाचन बदर गर्न माग गर्दै मंगलबार रिट निवेदन दाएर गर्नुभएको छ ।

रिट निवेदनमा निर्वाचन अधिकृतले गरेको निर्वाचन परिणाम घोषणा बदर गरी पुनः मतदान हुनुपर्ने माग छ । संवैधानिक इजलासमा दायर गरिएको रिट निवेदनमा निर्वाचन आयोग, इलाम-१ को निर्वाचन अधिकृतको कार्यालय, इलामको मुख्य निर्वाचन अधिकृत, जिल्ला निर्वाचन कार्यालय इलाम, जिल्ला निर्वाचन अधिकारीसहित सङ्घीय संसद् सचिवालय विपक्षी बनाएको छ ।

उक्त निर्वाचन क्षेत्रबाट नेकपा (एमाले) का महेश बस्नेतले २५ हजार सात सय ५३ मत प्राप्त गरी निर्वाचित हुनुभएको थियो भने नेता खनालले २३ हजार ८९ मत प्राप्त गर्नुभएको थियो ।


## भावपूर्ण श्रद्धाञ्जली



स्व. शिवहरी प्रसाद भट्टराई

हाम्रा मार्गदर्शक राजविराज ७ निवासी सप्तरीका बरिष्ठ पत्रकार एवं मधेश प्रदेश मिडिया काउन्सिलका अध्यक्ष श्रद्धेय **शिवहरी प्रसाद भट्टराई**को असामयिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडीमा शोक सन्तप्त परिवारमा इश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामनासहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**अनिल कुमार पेरिवाल**
**अध्यक्ष**
**सगरमाथा माहेश्वरी सभा परिवार**

## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**




## जथाभावी फोहर नफालौं, सभ्य नागरिकको परिचय दिऔं।

- सडक तथा सार्वजनिक स्थानमा फोहर नफालौं।
- घर, अस्पताल, होटल, उद्योग तथा कार्यस्थललगायतबाट निस्किएको फोहरको उचित व्यवस्थापन गरौं।
- कुहिने, नकुहिने र पुनःप्रयोग हुने फोहरलाई छुट्टाछुट्टै राखौं।
- कुहिने फोहरलाई घरमा नै मल बनाई प्रयोग गरौं।
- नकुहिने फोहरलाई तोकिएको स्थान र समयमा मात्र विसर्जन गरौं।
- खाद्य वा अन्य वस्तु प्रयोग वा उपभोग गरिसकेपछि प्लाष्टिकलगायतका बट्टा वा खोल जथाभावी नफालौं।

शहर तथा गाउँ स्वच्छ र सफा राखौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु → ipay remit, City Express, Best Remit, Prabhu Money Transfer, IME, Himal Remit, CG Money

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*